السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, दोहाले आज नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री दीर्घबहादुर रावलले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलको सहकार्य र समुपस्थितिमा "विप्रेषण, हुन्डी र वित्तीय समावेशीकरण" विषयक छलफल कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव श्री देवराज जोशीले विषयमा केन्द्रित प्रस्तुति दिनुभएको थियो। उहाँले वैदेशिक रोजगारी र विप्रेषणलाई नेपालको अर्थतन्त्रसँग जोड्दै, रेमिट्यान्सलाई औपचारिक प्रणालीमा ल्याउन सरकार र नेपाल राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाहरू प्रस्तुत गर्नुभएको थियो।

प्रस्तुतिपश्चात् भएको खुला छलफलका क्रममा सहभागीहरूले हुन्डीको रोकथामका उपाय तथा औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा भोग्नुपरेका समस्या र झन्झटबारे अनुभव साझा गर्दै विप्रेषण पठाउँदा लाग्ने शुल्क घटाउने तथा प्रक्रियालाई थप सहज बनाउने विषयमा आफ्ना व्यावहारिक सुझाव राखेका थिए। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री रावलले छलफलबाट नीति निर्माण तहका लागि महत्वपूर्ण पृष्ठपोषण प्राप्त गरेको बताउनुभएको थियो। साथै, नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले छलफलमा उठेका विषयहरूलाई सम्बोधन गर्नुभएको थियो।

कार्यक्रमको समापनमा कार्यवाहक राजदूत श्री कुमार राईले सबै नेपालीलाई औपचारिक तथा सुरक्षित माध्यमबाट मात्र विप्रेषण पठाउन आग्रह गर्दै कार्यक्रमका प्रस्तुतकर्ता एवं सहभागी सबैलाई धन्यवाद दिनुभयो। राजदूतावासको बैठक हलमा सम्पन्न उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघ- राष्ट्रिय समन्वय परिषद् कतार, नेपाल व्यवसायी संघ कतार, कतारस्थित नेपाली बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू र राजदूतावासका कर्मचारीहरूको सहभागिता रहेको थियो।

**नेपाली राजदूतावास**
**दोहा, कतार**
**२०८३ कात्तिक ७**

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, PO.Box No. 23002, Doha, Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np